नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
ललितपुर

फोन नं.: ०१-५५२११६५, ५५५२८४४
फ्याक्स: ०१-५५२३०५१, ५५५५४७५
इमेल: daolalitpur5@gmail.com
वेबसाईट: www.daolalitpur.moha.gov.np

पत्र संख्या
चलानी नं.:

मिति: २०७८/०१/१५

## ललितपुर जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

विश्वभरी फैलिदैं गईरहेको नयाँ भेरियन्टको कोभड-१९ महामारी नेपालमा समेत फैलिएको र पछिल्ला दिनहरुमा काठमाडौं उपत्यकामा समेत संक्रमण तीव्ररुपमा बढिरहेको हुँदा उक्त संक्रमणको रोकथाम र नियन्त्रणका लागि संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन,२०२८ को दफा ६को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी मिति २०७८/०१/१६ गते विहान ६:०० बजे देखि मिति २०७८/०१/२२ गते राती १२:०० बजेसम्म ललितपुर जिल्लाभर लागू हुने गरी मिति २०७८/०१/१३ गते जारी आदेश र त्यसमा मिति २०७८/०१/१५ गते केहि थप बुदाँ सहित स्पष्ट पारिएकोमा मिति २०७८/०१/१६ गते विहान ६:०० बजे देखि मिति २०७८/०१/२२ गते राती १२:०० बजेसम्म ललितपुर जिल्लाभर लागु हुने गरी थप संशोधन एवं स्पष्टता सहित तपसिल बमोजिम एकीकृत आदेश जारी गरिएको छ । यो आदेशको पालना गर्नु गराउनु सबै व्यक्ति/संघ संस्था/पेशाकर्मी/व्यवसायी तथा आमनागरिकको कर्तव्य हुनेछ र यो आदेशको उल्लंघन गरेमा प्रचलित कानून अनुसार कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

तपसिल

१. सभा सम्मेलन लगायत भिडभाड हुने कार्यक्रमको हकमा:

- सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालिम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, स्वीमिङ पुल, सपिङ मल, मनोरञ्जन स्थल, सैलून, ब्यूटी पार्लर, जिमखाना, समूहमा खेलिने खेलकुद, पुस्तकालय, संग्रहालय, चिडियाखाना आदि सञ्चालन गर्न नपाइने । विवाह व्रतबन्धको हकमा बढीमा १५ जना सम्म नेपाल सरकारले तोकेको स्वास्थ्य प्रोटोकल पालना गर्ने गरी जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिएर मात्र गर्ने ।

२. सरकारी, सार्वजनिक एवं निजी सवारी साधन लगायत हवाई सेवा सञ्चालनको हकमा:

- सार्वजनिक एवं निजी सवारी साधन सञ्चालनमा मिति २०७८/०१/१६ गते विहान ६:०० बजे देखि मिति २०७८/०१/२२ गते राती १२:०० बजेसम्म ललितपुर जिल्लाभर रोक लगाउने । यस अघि अनुमति प्रदान गरिएको हकमा पनि यसै अनुसार गर्ने ।
- अत्यावश्यक सामग्री बोकेका ढुवानीका सवारी साधन, विरामी तथा कुरूवा (बढीमा २ जना) बोकेका एम्वुलेन्स, स्वास्थ्यकर्मी तथा सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन बाहेक उपत्यका बाहिरबाट आउने अन्य सवारी साधन ललितपुर जिल्ला भित्र प्रवेशमा रोक लगाउने ।
- अत्यावश्यक सेवाहरु जस्तै एम्वुलेन्स, खानेपानी, स्वास्थ्य, खाद्यान्न, साबुन, स्यानिटाइजर तरकारी, फलफूल, दूध तथा दूग्धजन्य पदार्थ, बैङ्क, वित्तीय संस्था, दूरसंचार, इन्टरनेट, क्वारेन्टाइन, आइसोलेसन, फोहोरमैला व्यवस्थापन, कुरियर तथा डाँक सेवा लगायत ढुवानी तथा यातायातका साधनमा सेवाको विषय उल्लेख गरी संचालन गर्न पाउने ।
- सरकारी कार्यालय लगायतका सार्वजनिक सेवा प्रदायक संस्थाको हकमा सम्बन्धित मन्त्रालय वा विभागबाट जारी भएको अनुमति तथा पास लिई सवारी साधन प्रयोग गर्न पाइने ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

फोन नं.: ०१-५५२११६५, ५५५२८४४
फ्याक्स: ०१-५५२३०५१, ५५५५४७५
इमेल: daolalitpur5@gmail.com
वेबसाईट: www.daolalitpur.moha.gov.np

पत्र संख्या
चलानी नं.:

मितिः ..................................

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

- बिकास निर्माणका कार्यमा प्रयोग हुने जनशक्ति र सामाग्रीका ढुवानीका साधनको हकमा सम्बन्धित आयोजना वा कार्यालय प्रमुखको अनुमतिपत्र र परिचयपत्रको आधारमा आवतजावत गर्न पाउने र सम्बन्धित कार्यालयले त्यसको जानकारी जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराउने ।
- अन्तर्राष्ट्रिय उडानबाट विदेश जाने यात्रुहरुको हकमा हवाई टिकट, पासपोर्ट, भीषा हुनेहरुलाई सिधै एयरपोर्ट जाने सवारी साधनको सञ्चालनमा सहजीकरण गरिने ।

३. औषधि लगायत अत्यावश्यक खाद्य सामग्रीको हकमा:

- खाद्य सामग्री र औषधि तथा स्वास्थ्य सामाग्री सम्वन्धी पसल व्यवसाय बाहेकका अन्य पसल व्यवसाय हाललाई बन्द गर्ने ।
- औषधि तथा स्वास्थ्य सामाग्री सम्बन्धी पसल २४ सै घण्टा खुल्ला गर्न सकिने र तरकारी फलफुल, खाद्य सामग्री तथा डिपार्टमेन्ट स्टोरको हकमा ग्रोसरी कक्ष विहान सबेरैदेखि विहान १०:०० बजेसम्म र बेलुका ५:०० बजेदेखि ७:०० बजेसम्म मात्र सञ्चालन गर्न पाउने।
- व्यवसाय संचालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्डको पूर्ण रुपमा पालना गर्ने।

४. कर्मचारी, सञ्चारकर्मी आवतजावतको हकमा:

- नेपाल सरकारका कर्मचारी, वैंक तथा वित्तीय संस्था र अन्य अत्यावश्यक सेवामा कार्यरत कर्मचारीको हकमा कार्यालयले जारी गरेको परिचयपत्रको आधारमा आवत जावत गर्न दिने ।
- बैंक तथा वित्तीय संस्था, बीमा संस्थान सम्बन्द्ध निकायको हकमा सेवा प्रवाहको लागि अत्यावश्यक पर्ने न्यूनतम कर्मचारीहरु मात्र र बैकिङ कारोवार भएका बचत तथा ऋण सहकारी संस्थाका हकमा बढीमा ३ जना कर्मचारी मात्र खटाउने गरी निजी नम्बर प्लेटका सवारी साधनहरु सम्बन्धित कार्यालयको अनुमित र परिचयपत्रका आधारमा आवतजावत गर्न पाउने।
- सञ्चारकर्मी, पत्रकारको हकमा सूचना संकलन तथा सम्प्रेषण गर्न सूचना विभागले जारी गरेको परिचय पत्रको आधारमा आवतजावत गर्न दिने ।

५. विवाह तथा ब्रतबन्ध आयोजनाको लागि १५ जनासम्मका सहभागी (दुलाहा/दुलही सहितका) हरुले शुभ विवाहको ब्यानर सहितका २ वटा सम्म सवारी साधन प्रयोग गरी जिल्लाभित्र वा अन्तरजिल्लामा आवतजावत गर्नुपर्दा अनुमति पास आवश्यक नपर्ने तर उक्त कार्यका लागि पार्टी प्यालेस प्रयोग गर्नुपर्ने भएमा जिल्ला प्रशासन कार्यालयबाट जारी अनुमति पास लिनुपर्ने ।

६. बिरामी कुरुवाको रुपमा अनिवार्य सहभागी हुनुपर्ने व्यक्तिको हकमा जिल्ला भित्रको हकमा अस्पतालले प्रदान गरेको कुरुवा पासको आधारमा आवतजावत गर्न दिइने यसमा छुट्टै पासको आवश्यकता नपर्ने ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

ललितपुर

फोन नं.: ०१-५५२११६५, ५५५२८४४
फ्याक्स: ०१-५५२३०५१, ५५५५४७५
इमेल: daolalitpur5@gmail.com
वेबसाईट: www.daolalitpur.moha.gov.np

पत्र संख्या
चलानी नं.:

मिति: ....................................

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

यसैगरी मृत्यु संस्कारमा अनिवार्य रुपमा सहभागी हुनु पर्ने आफन्तको लागि पासको आवश्यक नपर्ने तर मृत्यु संस्कार तथा तथा बिरामी कुरुवाको हकमा अन्तरजिल्लामा आवतजावत गर्नुपर्दा व्यहोरा खुल्ने कागजात (निवेदन अस्पतालको कागजात वा स्थानीय तहको सिफारिस) सहित प्रमुख जिल्ला अधिकारीबाट अनुमति लिनुपर्ने ।

७. निलो प्लेटका सवारी साधनको हकमा परिचयपत्र वाहक पदाधिकारी तथा कर्मचारीलाई सवारी पास आवश्यक नपर्ने ।

८. प्रिन्टिङ प्रेसमा काम गर्ने, सुरक्षा सम्बद्ध कर्मचारी तथा औषधी आपूर्ति गर्ने परिचय वाहक व्यक्तिको हकमा सम्बद्ध निकाय तथा आपूर्ति कर्ताको अनुमतिपत्र भए सवारी पास नचाहिने ।

९. अनुमति पास प्रदान गर्ने अधिकार प्रदान गरिएका निकायहरुले अनुमति प्रदान गरेपश्चात सहजीकरण प्रयोजनार्थ त्यसको विवरण जिल्ला प्रशासन कार्यालयमा उपलव्ध गराउने र आफुले प्रदान गरेको अनुमति पास तोकिएको प्रयोजनमा प्रयोग भए/नभएको नियमति अनुगमन गर्ने ।

१०. काठमाडौ उपत्यका प्रवेश गर्ने व्यक्तिहरुले अनिवार्य रुपमा स्थानीय तहले तोकेको क्वारेन्टाइन र होम आइसोलेसन मा वस्नु पर्ने ।

११. अत्यावश्यक बाहेकका अन्य सार्वजनिक सेवा मिति २०७८ वैशाख १६ गतेदेखि मिति २०७८ वैशाख २२ गते सम्मलाई स्थगन गर्ने ।

ढुण्डी प्रसाद निरौला
प्रमुख जिल्ला अधिकारी
प्रमुख जिल्ला अधिकारी